**नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड (नबिल इन्भेष्ट) ले लगानी व्यवस्थापन सेवा प्रदान गर्ने बारे।**

नबिल इन्भेष्ट नेपाल धितोपत्र बोर्डबाट लगानी व्यवस्थापन सेवा प्रदान गर्न स्वीकृति प्राप्त कम्पनी हो जसले ग्राहकहरुमा भिन्न प्रतिफल प्राप्त गर्ने लगानी व्यवस्थापन सेवाहरु जस्तै स्वेच्छिक (डिस्क्रिशनरी), गैर स्वेच्छिक (नन् डिस्क्रिशनरी), परामर्श सेवा र धितोपत्रसंग आवद्ध प्रशासनिक सेवा २०६८ साल श्रावण ९ गते बाट प्रदान गर्दै आएको छ । सो अन्तर्गत हाल कम्पनीले करिब रु.६० करोड रकम बराबरको सम्पत्तिको व्यावसायिक व्यवस्थापन सफलतापूर्वक गर्दै आएको छ ।

नबिल इन्भेष्टमा कार्यरत अनुभवी तथा दक्ष विज्ञहरुले ग्राहकको लगानीलाई कुशल व्यवस्थापन गरी न्यून जोखिम मोल्दै ग्राहकको वित्तीय उद्देश्य हासिल गर्न सहयोग पुर्‍याउँदछन् ।

थप जानकारीको लागी यसै साथ संलग्न विवरण हेर्नु होला ।

**नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड**

नबिल बैंक लिमिटेडको रणनीति योजना अनुरुप **"पहिलो रोजाइको सम्पूर्ण वित्तीय सेवा प्रदायक"** लक्ष्य प्राप्तिका लागि बैंकले पूँजी बजार अन्तर्गत इन्भेष्टमेन्ट बैंकिंगसंग सम्बन्धित सेवाहरु लगानीकर्ताहरुलाई प्रदान गर्ने हेतुले नियामक निकायको आवश्यक स्वीकृति प्राप्त गरी आफ्नो सहायक कम्पनी - नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड खडा गरेको छ। सो सहायक कम्पनीको संस्थापक शेयरधनीको रुपमा श्री नबिल बैंक लिमिटेड र श्री सिजि फिन्को प्रा. लि. रहेको छ।

सोही अनुरुप कम्पनीले लगानीकर्तामा नयाँ सेवाहरु प्रदान गर्दै कम्पनीलाई नेपालकै **"पहिलो रोजाइको इन्भेष्टमेन्ट बैंक"** को रुपमा स्थापना गर्ने दीर्घकालीन सोच राखेको छ ।

थप जानकारीको लागि कृपया www.nabilinvest.com.np हेर्नहुन अनुरोध गर्दछौं ।

**लगानी व्यवस्थापन सेवाहरु**

**१.स्वेच्छिक लगानी व्यवस्थापन सेवा**

- ग्राहकले लगानी सम्बन्धि सम्पूर्ण अधिकार नबिल इन्भेष्टलाई प्रदान गर्ने ।
- समझदारीको अवधि २ वर्षको हुने ।
- न्यूनतम लगानी रु.३ लाख हुनु पर्ने ।
- प्रतिफल झिक्न पाइने (Profit withdrawal option) ।

सो अन्तर्गतका योजनाहरु निम्नानुसार छन् ।



**क. एन.आई भ्यालु ग्रोथ लगानी व्यवस्थापन सेवा (NI Value Growth PMS) (उच्च जोखिम रहने)**

- सम्पति बिभाजन : ८० देखि ९०% शेयर मा र बाँकी मुद्दती निक्षेपमा।
- लगानी रकम : न्यूनतम रु.३ लाख।
- समझदारीको अवधि : २ वर्ष
- प्रतिफल झिक्ने व्यवस्था (Profit withdrawal option) : छ।
- अपेक्षित प्रतिफल : १५%

**ख. एन.आई ब्लेन्डेड लगानी व्यवस्थापत सेवा (NI Balanced PMS) (मध्यम जोखिम रहने)**

- सम्पति बिभाजन : ३० देखि ७०% शेयर मा र बाँकी मुद्दती निक्षेपमा।
- लगानी रकम : न्यूनतम रु.३ लाख।
- समझदारीको अवधि : २ वर्ष
- प्रतिफल झिक्ने व्यवस्था (Profit withdrawal option) : छ।
- अपेक्षित प्रतिफल : १३%

**ग. एन.आई पूँजी र प्रतिफल ग्यारेन्टि लगानी व्यवस्थापन सेवा (NI Capital & Returns Guaranteed) (न्यून जोखिम रहने)**

- सम्पति बिभाजन : ८० - १००% मुद्दती निक्षेपमा, २०% शेयरमा।
- लगानी रकम : न्यूनतम रु.५ लाख।
- समझदारीको अवधि : २ वर्ष
- प्रतिफल झिक्ने व्यवस्था (Profit withdrawal option) : छ।
- निश्चित प्रतिफल : नबिल बैंकको मुद्दति खाताको ब्याजमा + १%

**घ. एन.आई कस्टोमाइज्ड लगानी व्यवस्थापन सेवा (NI Customized PMS)**

- सम्पति बिभाजन : ग्राहकको इच्छा अनुसार विभाजन गरिने।
- लगानी रकम : न्यूनतम रु १० लाख।
- समझदारीको अवधि : २ वर्ष
- प्रतिफल झिक्ने व्यवस्था (Profit withdrawal option) : छ।
- अपेक्षित प्रतिफल : ग्राहकको जोखिम क्षमता अनुसार।

**२. गैर स्वेच्छिक**

ग्राहकले आफ्नो विवेक प्रयोग गरी लगानीको फौसला गर्नेछ। नबिल इन्भेष्टले विशेषज्ञको रुपमा ग्राहकलाई लगानी गर्न सहयोग गर्नेछ।

- लगानी रकम : न्यूनतम रु.३ लाख।
- समझदारीको अवधि : २ वर्ष
- प्रतिफल झिक्ने व्यवस्था (Profit withdrawal option) : छ।



**सेवा शुल्कहरु**

क. स्वेच्छिक

| लगानी रकम रु. | बार्षिक व्यवस्थापन | *Performance Fees (प्रतिफलमा मात्र ) |
|---|---|---|
| ३,००,००० - ५,००,००० | १.५% | २०% |
| ५,००,००१ - १,000,000 | १.२५% | १५% |
| १,000,00१ माथि | १% | १०% |

*नबिल इन्भेष्टले बाधा (Hurdle) rate भनेर ८.५% तोकेको छ । यो rate को माथिको प्रतिफलमा मात्र Performance fees लाग्नेछ । उदाहरणको लागि यदि कुनै ग्राहकको शुरुको लगानी ३,००,०००- छ र त्यो बढेर ३,३०,०००- भयो भने प्रतिफल १०% हुनेछ। यो १०% को प्रतिफल मा ८.५% घटाएर बाँकि रहेको १.५% को रकममा २०% Performance Fees हुनेछ।

ख. गैर स्वेच्छिक

| लगानी रकम रु. | बार्षिक व्यवस्थापन |
|---|---|
| ३,००,००० - ५,००,००० | २.५% |
| ५,००,००१ - १,000,000 | २% |
| १,000,00१ माथि | १.५% |

यदि नबिल इन्भेष्टको सेवाबाट कुनै कारण वश स्वेच्छिक र गैर स्वेच्छिक सेवा अवधि अगावै समझदारी भङ्ग गर्नु परेमा प्रारम्भिक लगानी रकमको ३% जरिवाना शुल्कको रुपमा लाग्नेछ।

Disclosure : आजको मितिमा नबिल इन्भेष्टले आफ्नो ग्राहकलाई स्वेच्छिक र गैर स्वेच्छिक लगानी व्यवस्थापन सेवा अन्तर्गत करिब ३०% औसत प्रतिफल प्रदान गर्न सफल भएको छ।

